मिति २०७७/०६/२३ मा स्वीकृत
(मा. मन्त्री स्तरबाट)

# कोभिड विशेष कृषि कार्यक्रम सञ्चालन विधि, २०७७

प्रस्तावना: प्रदेशभित्र कोभिडको कारण प्रतिकूल अवस्था सिर्जना भई खाद्यान्न, तरकारी बाली तथा पशुजन्य उपजमा व्यवसायिक कृषकहरुले व्यहोर्नु परेको समस्यालाई समाधान गर्दै आवधिक योजनाको लक्ष्य हासिल गर्न आगामी दिनमा सिंचित क्षेत्रको बालीचक्रमा वसन्ते बाली लगाउन प्रोत्साहन गरी बाली सघनता बृद्धि गर्न र चालु आ. व. मा विनियोजित वजेट तथा कार्यक्रमलाई व्यवस्थित, पारदर्शी र प्रभावकारी रुपमा सञ्चालन गर्न वाञ्छनीय भएकोले लुम्बिनी प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले देहायको सञ्चालन विधि बनाई लागू गरेको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस सञ्चालन विधिको नाम "कोभिड विशेष कृषि कार्यक्रम सञ्चालन विधि, २०७७" रहेको छ।

(२) यो सञ्चालन विधि तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस सञ्चालन विधिमा:-

(क) "अनुदान" भन्नाले यस सञ्चालन विधि अनुरुप सञ्चालन गरिने कार्यक्रमहरुको लागि कार्यालयबाट उपलब्ध गराईने रकमलाई सम्झनु पर्छ।

(ख) "कार्यक्रम" भन्नाले कोभिड विशेष कृषि कार्यक्रम अन्तर्गतका कोभिड लक्षित बाली सघनता बृद्धि कार्यक्रमलाई सम्झनु पर्छ।

(ग) "कार्यालय" भन्नाले कार्यक्रम सञ्चालन गर्ने भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय मातहतको निकायलाई सम्झनु पर्छ।

(घ) "कोभिड विशेष" भन्नाले कुनै स्थानमा लकडाउनबाट सिर्जना भई कृषि क्षेत्रमा पुगेको क्षतिको साथै जीवनयापन र वातारणमा प्रतिकूल असर पार्ने विपद् सम्झनु पर्छ।

(ङ) "वसन्ते बाली" भन्नाले बालीचक्रमा हिउदे सिजन पछि वसन्ते बालीको रुपमा खेति गरिने धान, मकै, मुङ्ग र सुर्यमुखी लगायतका बालीलाई सम्झनु पर्छ।

(च) "निर्देशनालय" भन्नाले कृषि क्षेत्रको हकमा कृषि विकास निर्देशनालय सम्झनु पर्छ।

(छ) "प्रदेश" भन्नाले लुम्बिनी प्रदेशलाई सम्झनु पर्छ।

(ज) "बाली सघनीकरण संभाव्य क्षेत्र (CIPA)" भन्नाले तोकिएका बालीको क्षेत्र विस्तार एवम् उत्पादकत्व वृद्धिको सम्भाव्यता रहेका वर्षभरी सिंचाई हुने तोकिएको उपयुक्त सिंचित प्रणाली क्षेत्रलाई सम्झनु पर्छ।

(झ) "मन्त्रालय" भन्नाले लुम्बिनी प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्छ।

(ञ) "स्थानीय तह" भन्नाले लुम्बिनी प्रदेश भित्रका सबै स्थानीय तहलाई सम्झनु पर्छ।

३. उद्देश्य: यस सञ्चालन विधिको उद्देश्य देहायबमोजिम रहेका छन् :-

(क) कोभिडबाट कृषि क्षेत्रमा प्रतिकूल असर परेको प्रभावित क्षेत्रमा बाली सघनता बृद्धि गर्ने र गराउने,

(ख) कोभिडको महामारीवाट खाद्य तथा पोषण सुरक्षामा नकारात्मक असर हुन नदिन तोकिएका बालीको क्षेत्र विस्तार गरी कृषि बालीको उत्पादन बढाई बालीजन्य वस्तुहरुमा आयात कम गरी मुलुकलाई क्रमिक रुपमा आत्मनिर्भरोन्मुख बनाउने,

(ग) उपलब्ध जमिन, सिंचाई, मलखाद, कृषियन्त्र, उन्नत बीउ-बिजन तथा बाली व्यवस्थापनका नयाँ प्रविधिहरुलाई अन्तरनिकाय समन्वय गरी उत्पादन र उत्पादकत्व दीगो रुपमा बृद्धि गर्ने र

(घ) सिंचाई प्रणाली छनौट गरी वसन्ते बालीको उच्च उत्पादन संभावना रहेको उत्पादन क्षेत्रमा आधुनिकीकरण, सघनीकरण र व्यवसायीकरण गर्ने ।

## परिच्छेद-२

## कोभिड विशेष कृषि कार्यक्रम र समिति सम्बन्धी व्यवस्था

४. <u>कोभिड विशेष कृषि कार्यक्रमः</u> कृषि हेर्ने जिल्ला स्थित कार्यालय मार्फत कोभिड विशेष कृषि कार्यक्रम अन्तर्गत बाली सघनता बृद्धि कार्यक्रम सञ्चालन गरिनेछ ।

५. <u>निर्देशक समितिः</u> (१) कार्यक्रम सञ्चालनका क्रममा नीतिगत व्यवस्था तथा समस्या समाधानको सम्बन्धमा आवश्यक निर्देशनका लागि देहाय बमोजिमको निर्देशक समिति रहनेछः-

| | |
|---|---|
| मा.मन्त्री, भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय | अध्यक्ष |
| सचिव, मूख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | सदस्य |
| सचिव, भौतिक पूर्वाधार विकास मन्त्रालय | सदस्य |
| सचिव, उद्योग, पर्यटन, वन तथा वातारण मन्त्रालय | सदस्य |
| निर्देशक, कृषि विकास निर्देशनालय | सदस्य |
| निर्देशक, पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय | सदस्य |
| सचिव, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सदस्य सचिव |

(२) निर्देशक समितिले आवश्यकता अनुसार बढीमा २ जना विशेषज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) निर्देशक समितिको काम कर्तव्य र अधिकारः-

(क) कार्यक्रम कार्यान्वयनका सन्दर्भमा परिआएका बाधा अडकाउ उत्पन्न भएमा बाधा अडकाउ फुकाउनुका साथै आवश्यक रायसुझाव तथा निर्देशन दिने,

(ख) सरोकारवाला निकायहरुसँग आवश्यकता अनुसार समन्वय गर्ने,

(ग) स्वीकृत कार्ययोजना अनुसार कार्य भएनभएको तथा अनुदान रकम सदपयोग भएनभएको अनुगमन गरी पृष्ठपोषण गर्ने।

६. <u>जिल्ला कार्यक्रम सहजीकरण समिति :</u> (१) जिल्लामा देहायबमोजिमको समिति गठन हुनेछः-

| | | | |
|---|---|---|---|
| (क) | प्रमुख, | जिल्ला समन्वय समिति | अध्यक्ष |
| (ख) | अध्यक्ष/प्रतिनिधि, | जिल्ला उद्योग वाणिज्य संघ | सदस्य |

(घ) प्रमुख/प्रतिनिधि, कोष तथा लेखा नियन्त्रक कार्यालय, प्रदेश इकाई सदस्य

(ङ) प्रमुख/प्रतिनिधि, तोकिएको विषयगत समूह, सहकारी वा कृषक संजाल १ जना महिला सहित २ जना सदस्य

(च) प्रमुख /प्रतिनिधि, कार्यक्रमसँग सम्बन्धित निकाय बढीमा २ जना सदस्य

(छ) कार्यालय प्रमुख, सम्वन्धित कार्यालय प्रमुख सदस्य सचिव

(२) समितिको बैठकमा सम्वन्धित क्षेत्रको प्रदेश सभा सदस्यलाई समेत आमन्त्रण गरिनेछ ।

(३) समितिको बैठकमा आवश्यकता अनुसार बढीमा दुई जना विषय विज्ञलाई आमन्त्रित सदस्यको रुपमा बोलाउन सकिनेछ।

७. <u>समितिको काम, कर्तव्य र अधिकार</u>ः जिल्ला कार्यक्रम सहजिकरण समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) अनुदानग्राही मार्फत सञ्चालन हुने कार्यक्रमको जानकारी आदान प्रदान गर्ने, गराउने,

(ख) कार्यक्रमहरुवारे हालको अवस्था, कार्यालयबाट गरिएका प्रयास र प्रगति स्थितीबारे जानकारी लिने,

(ग) कार्यक्रम कार्यान्वयनको सिलसिलामा आवश्यक अन्तरनिकाय समन्वय र सहकार्यको लागि सहजिकरण गर्ने, गराउने,

(घ) कार्यक्रमको अनुगमन गर्ने, गराउने ।

८. <u>कार्यक्रम व्यवस्थापन समिति</u> : (१) यस कार्यविधि बमोजिमको कार्यक्रम सञ्चालनको लागि देहाय बमोजिमको कार्यक्रम व्यवस्थापन समिति गठन हुनेछ :-

क) कार्यक्रम सञ्चालन गर्ने निकायको प्रमुख -संयोजक

ख) प्रमुख, विषयगत शाखा -सदस्य

ग) प्रमुख, आर्थिक प्रशासन शाखा -सदस्य

घ) प्रमुख, जिल्ला कृषि सहकारी संघ -सदस्य

ङ) प्रदेश लेखा नियन्त्रक कार्यालयको प्रमुख वा सम्बन्धित जिल्लाको कोष तथा लेखा नियन्त्रक कार्यालयको प्रमुख वा निजले तोकेको प्रतिनिधि -सदस्य

च) सम्बन्धित शाखा प्रमुख -सदस्य सचिव

(२) उपदफा (१) को खण्ड (ख) बमोजिमको सदस्य शाखा प्रमुख रहेको भए सम्बन्धित निकायको प्रमुखले तोकेको प्राविधिक कर्मचारी सदस्य सचिव रहनेछ ।

(३) उपदफा (१) को खण्ड (घ) बमोजिम जिल्ला कृषि सहकारी संघबाट एकजना प्रतिनिधि कार्यालयले तोक्न सक्नेछ।

(४) समितिको बैठकमा आवश्यकता अनुसार बढीमा दुईजनासम्म विषय विज्ञहरुलाई आमन्त्रण गर्न सकिनेछ।

(५) अनुदानमा सञ्चालन हुने प्रति कार्यक्रम बढीमा तीन बैठक भित्र आर्थिक दायित्व सीमित गर्नुपर्नेछ ।

९. <u>समितिको काम, कर्तव्य र अधिकार</u>ः कार्यक्रम व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) कार्यक्रम सञ्चालनको लागि क्षेत्र छनौटका आधार तय गरी अनुमोदन गर्ने,
(ख) कार्यक्रम सञ्चालनको लागि अनुदान रकमको सीमा र कार्य योजना एकिन गर्ने,
(ग) कार्यक्रम सञ्चालनको लागि स्थलगत प्रमाणीकरणका सूचक तथा फर्मेटहरु तयार गरी स्विकृत गर्ने,
(घ) आवश्यकता अनुसार प्रस्ताव मूल्याङ्कनको आधारलाई विस्तृतीकरण गर्ने,
(ङ) प्राप्त प्रस्तावहरुको मूल्याङ्कन गर्ने, गराउने,
(च) प्रभावकारी रुपमा कार्यक्रम कार्यान्वयन गर्ने, गराउने,
(छ) कार्यक्रमको अनुगमन, निरीक्षण गरी पृष्ठपोषण प्रदान गर्ने।

## परिच्छेद-३

## कोभिड लक्षित बाली सघनता बृद्धि कार्यक्रम

१०. कार्यक्रम सञ्चालन हुने स्थान र अवधिः (१) पहिलो चरणमा तराईका नवलपरासी पश्चिम, रुपन्देही, कपिलबस्तु, दाङ्ग, बांके र बर्दिया गरी ६ जिल्लाको सिंचित क्षेत्रमा र दोश्रो चरणमा पहाडी जिल्लाहरुको सिंचित तल्लो क्षेत्र समेत समावेश गरी कार्यक्रम विस्तार गरी सञ्चालन गरिनेछ।

(२) कार्ययोजना अनुसार सम्पादित कार्यक्रमहरुको प्रगति, उपलब्धी तथा प्रभावकारिता हेरी कार्यक्रमलाई निरन्तरता दिईनेछ।

(३) क्षेत्र विस्तार गर्दा एउटै क्लष्टर भित्रका फार्महरुलाई प्राथमिकता दिइनेछ।

(४) कार्यक्रम सञ्चालन हुने स्थानमा सिंचाईको उपलब्धता हुनुपर्नेछ।

(५) कार्यक्रम तीन बर्षसम्म लगातार सञ्चालन गरिनेछ।

११. बाली सघनीकरण संभाव्य क्षेत्र (CIPA) छनौटका आधार : (१) बाली सघनीकरण संभाव्य क्षेत्र (CIPA) छनौटका आधार र प्राथमिकता देहायबमोजिम हुनेछ :-

(क) वसन्ते बालीको क्षेत्र विस्तार एवम् उत्पादकत्व वृद्धिको सम्भाव्यता रहेका उपयुक्त सिंचित प्रणाली पुगी वर्षभरी सिंचाई हुने क्षेत्रमा कार्यक्रम छनौट भएको हुनुपर्नेछ।

(ख) तोकिएका बाली लगाउन उपयुक्त संभाव्य स्थानलाई कार्यालयको प्राविधिक प्रतिवेदनका आधारमा दफा-६ बमोजिमको समितिबाट सम्भाव्यताको आधारमा बाली सघनीकरण संभाव्य क्षेत्र (CIPA) अनुमोदन गरिनेछ।

(ग) बाली सघनीकरण संभाव्य क्षेत्र (CIPA) चक्लाबन्दी भएको वा एउटै क्लष्टरमा रहेकोलाई प्राथमिकता दिईनेछ।

(घ) एउटा क्षेत्रमा एकै किसिमको बालीको जात तथा उन्नत प्रविधि अपनाई खेती लगाउनेलाई प्राथमिकता दिईनेछ।

(ङ) लक्षित वर्गमा महिला, दलित, जनजाती, विपन्न एवं पछाडि परेका वर्ग तथा क्षेत्रलाई प्राथमिकता दिइनेछ।

(च) बाली सघनीकरण संभाव्य क्षेत्र (CIPA) निर्धारण आर्थिक बर्षको कार्तिक मसान्त भित्र सम्पन्न गरिनेछ ।

(छ) कार्यक्रम कार्यन्वयनमा कृषक, कृषक समूह, कृषि सहकारी, कम्पनी। प्रशोधनकर्ता मार्फत गरिनेछ ।

(२) बाली सघनीकरण संभाव्य क्षेत्र (CIPA) भित्र हिउदे बाली पछि वसन्ते बालीको रुपमा धान, मकै, मुङ्ग र सुर्यमुखी खेति गर्नुपर्नेछ। तर यस पछिको वर्षे बालीको खेती प्रणालीमा असर नगरेको हुनुपर्नेछ।

(३) बाली सघनीकरण संभाव्य क्षेत्र (CIPA) भित्र अनुदानग्राहीले अनुमानित २ कि.मी. रेडियस वा अर्धव्यास भित्रको क्षेत्रलाई क्लष्टर मानी कृषक, समूह, सहकारी र फार्महरु मिलेर एकल वा संयुक्त रुपमा कम्तिमा ५ हेक्टरको क्लष्टर छनौट गर्नुपर्नेछ।

(४) कम्तिमा ३ कठ्ठा खेति गर्ने साना कृषकहरुलाई समेत क्लष्टर समावेश गर्न सकिनेछ।

(५) जग्गा भाडामा लिई खेती गर्दै गरेको भए जग्गाधनीसँग करार/सम्झौता भएको हुनुपर्नेछ।

१२. <u>कार्यक्रम सञ्चालन प्रक्रिया:</u> (१) कृषि हेर्ने जिल्ला स्थित कार्यालयलाई अख्तियारी दिई कोभिड विशेष कृषि कार्यक्रम अन्तर्गत बाली सघनता बृद्धि कार्यक्रम सञ्चालन गरिनेछ ।

(२) कृषि हेर्ने जिल्ला स्थित कार्यालयले कार्यक्रम सञ्चालन गर्ने गरी सम्बन्धित बाली विकास अधिकृतलाई सम्पर्क अधिकृतको रुपमा तोकिनेछ। बाली विकास अधिकृत नभएको अवस्थामा कार्यालय प्रमुखले सम्पर्क अधिकृत तोक्न सक्नेछ।

(३) बाली लगाउन दुई महिना अघि सम्वन्धित जिल्ला स्थित कृषि ज्ञान केन्द्र वा एकिकृत कृषि तथा पशुपन्छी विकास कार्यालयले दफा ८ बमोजिमको समितिले बाली सघनीकरण संभाव्य क्षेत्र छनौट गरी सक्नुपर्नेछ।

(३) कार्यालयले दफा ८ बमोजिमको समितिले छनौट गरेको बाली सघनीकरण संभाव्य क्षेत्रको लागि अनुसुची-१ बमोजिमको ढाँचामा सूचना प्रवाह गरी प्रस्ताव आह्वान गर्नेछ।

(४) आवेदकले अनुसूची-२ बमोजिमको ढाँचाको निवेदन, अनुसूची-३ बमोजिमको ढाँचामा प्रस्ताव, अनुसूची-४ बमोजिमको सम्झौता-पत्र र अनुसूची-५ बमोजिमको कागजातहरु सहित प्रस्ताव पेश गर्नुपर्नेछ।

(५) बाली सघनीकरण संभाव्य क्षेत्रमा कार्यक्रम सञ्चालन हुने स्थानको स्थलगत प्रमाणीकरणको लागि सम्वन्धित सम्पर्क अधिकृतको संयोजकत्वमा तीन सदस्यीय कार्यदल गठन गरीनेछ।

(६) कार्यदलले प्रारम्भिक मूल्याङ्कन तथा स्थलगत प्रमाणीकरणका सूचकहरु र भौगोलिक तथा प्राविधिक सम्भाव्यताका आधारमा क्षेत्रको प्राथमिकताक्रम तोकी कार्यक्रम सञ्चालन गर्न योग्य अनुदानग्राहीहरुको सूची तयार गरी सिफारिस गर्नुपर्नेछ।

(७) कार्यक्रम कार्यान्वयनका लागि छनौट भएका स्थानमा कार्यालयहरु मार्फत कृषक, कृषक समूह, तथा कृषि सहकारीहरु मार्फत कार्यक्रम संचालन गर्नुपर्नेछ।

(८) कार्यालयको बार्षिक स्वीकृत कार्यक्रम अनुसार विनियोजित बजेटको परिधि भित्र रही पहिले निवेदन दर्ता गर्ने पहिलो छनौट पद्धति अनुरुप कृषकहरुको छनौट गर्नुपर्नेछ।

(९) छनौट भएका कृषकहरुले बाली नलगाएमा बैकल्पिक छनौट भएका कृषकहरुलाई छनौट गर्नुपर्नेछ।

(१०) कार्यक्रमका लागि स्थान तथा कृषक छनौट गर्ने कार्य बाली लगाउनु पूर्व सम्पन्न गर्नुपर्नेछ।

(११) कृषकहरु छनौट गर्ने कार्यमा कार्यालयले आवश्यक प्रमाण तथा कागजात समेत माग गर्न सक्नेछ ।

(१२) छनौट भएका कृषकहरुको जग्गाको भौगोलिक नक्शांकनको लागि ४ किल्लाको कुनाको अवस्थिति (Location) को तथ्याङ्क जि.पि.एस (Geographical Positioning System) प्रविधिको प्रयोगबाट लिन सक्नेछ ।

(१३) छनौट भएका कृषकहरुमध्ये उन्नत प्रविधि अपनाउने कृषकहरुलाई थप प्रोत्साहन रकम उपलब्ध गराईने छ ।

(१४) यस कार्यमा भाग लिन छनौट भएका कृषकहरुले चालू आ.व. मा भुक्तानी लिन नसकेमा थप प्रोत्साहन रकम अर्को आर्थिक बर्षमा क्रमागत बजेटमा समावेश गरी प्रदान गरिनेछ ।

(१५) सम्बन्धित कार्यालयले नियमित कार्यक्रम अन्तर्गत कृषक स्तर तालिम तथा अभिमुखीकरण, माटो जाँच, प्लान्ट क्लिनिक, शिविर सञ्चालन, बाली कटानी (क्रप कटिङ्ग) आदि कार्यक्रम कार्यान्वयन समेत प्राथमिकताका साथ यस क्षेत्रमा संचालन गर्नेछन् ।

(१६) कृषकले प्राकृतिक बिपदबाट हुने क्षतिको शोध भर्ना गर्न बाली बिमालाई प्रोत्साहन दिनु पर्नेछ।

१३. <u>कार्यक्रमको अनुदान तथा खर्च मापदण्ड</u> : (१) कार्यक्रम सञ्चालन गरिने तिन कृयाकलापहरुको खर्च मापदण्ड देहाय बमोजिम हुनेछन:-

(क) <u>क्षेत्र विस्तार कार्यक्रम:</u> यस अन्तर्गत क्षेत्र बिस्तार तथा उत्पादनलाई बढावा दिने कार्य संचालन गरिनेछ । नयाँ क्षेत्रमा वसन्ते बाली उत्पादन गर्ने कृषकले बाली (धान, मकै, सूर्यमुखी र मुङ्ग) लगाएको एक महिना पश्चात कार्यालयका प्राविधिकहरु (गठित तीन सदस्यीय कार्यदल) बाट स्थलगत निरीक्षणका आधारमा रु. १०,०००।- (अक्षेरुपी दस हजार मात्र) प्रति हेक्टरका दरले एकमुष्ट अनुदान उपलब्ध गराईनेछ।

(ख) <u>उत्पादन प्रोत्साहन कार्यक्रम:</u> यस अन्तर्गत उत्पादनमा बढावा गरी आत्मनिर्भर हुन उत्पादन प्रोत्साहन रकम उपलव्ध गराईनेछ। संस्थागत कारोवार वा बाली कटानी प्रतिवेदनको आधारमा कृषकलाई धान र मकै बालीको हकमा प्रति के.जी तिन रुपैया र सूर्यमुखी र मुङ्ग बालीको हकमा प्रति के.जी पाँच रुपैया सोझै उपलब्ध गराइने छ र कार्यालयका प्राविधिकको निगरानीमा प्रविधिको अनुसरण गर्ने कृषकहरुलाई सो उत्पादन प्रोत्साहन रकम उपलब्ध गराइने छ। यस कार्यक्रम अन्तर्गत कृषकको उत्पादन खरिद गर्ने खरिदकर्तालाई उत्पादन खरिद गरे वाफत प्रशोधन तथा भण्डारण व्यवस्थापनका लागि प्रत्येक बाली (धान, मकै, सूर्यमुखी र मुङ्ग ) मा प्रति के.जी एक रुपैया अनुदान रकम उपलव्ध गराईनेछ। उत्पादन खरिदकर्ताले नेपाल सरकारले घोषणा गरेको बालीको न्यूनतम समर्थन मूल्यलाई आधार मानी खरिद गर्नुपर्नेछ।

(ग) <u>प्रविधि विस्तार तथा सेवा टेवा कार्यक्रम:</u> (१) कार्यालयले सालवसाली नियमित कार्यक्रमबाट कृषक तालिम तथा सरोकारवाला अभिमुखीकरण, माटो जाँच, प्लान्ट क्लिनिक, शिविर सञ्चालन, बाली कटानी (क्रप कटिङ्ग) आदि कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

(२) यस कार्यक्रम संपन्न पश्चात वजेट तथा खर्च सम्वन्धी जानकारी बाली सघनीकरण सम्भाब्य समितिलाई गराउनु पर्नेछ ।

१४. भुक्तानी प्रक्रिया : (१) क्षेत्र बिस्तार तथा उत्पादनलाई बढावा दिने कार्यका लागि कृषकले बाली लगाएको एक महिना पश्चात कार्यालयका प्राविधिकहरुबाट स्थलगत निरीक्षण गरेको पहिलो प्रतिबेदन र बाली कटानीको दोश्रो प्रतिबेदन समेत पेश गरेको आधारमा रु. १०,०००।- (अक्षेरुपी दस हजार मात्र) प्रति हेक्टरका दरले भुक्तानीको लागि देहाय बमोजिमका कागजातहरु संलग्न राखी कार्यालयमा निवेदन पेश गरेमा एकमुष्ट अनुदान उपलब्ध गराइने छः-

(क) स्वीकृत कार्ययोजना र सम्झौताको प्रतिलिपि,

(ख) भुक्तानी रकम वरावरको सामग्रीहरु खरिद गरेको सक्कल बिल भरपाई,

(ग) खडा बाली (STANDING CROPS) लगायतको फोटोहरु,

(घ) निर्णयहरुको प्रतिलिपि,

(ङ) स्थानीय तहको सिफारिस।

(२) उत्पादन बढावामा कृषकलाई र उचित मूल्यमा खरिद गर्ने खरिदकर्तालाई प्रोत्साहन गर्न संस्थागत कारोवारको आधारमा कृषकलाई धान तथा मकै बालीको हकमा प्रति के.जी तिन रुपैया र सूर्यमुखी तथा मुङ्ग बालीको हकमा प्रति के.जी पाँच रुपैया र खरिदकर्तालाई उत्पादन खरिद गरे वाफत प्रशोधन तथा भण्डारण व्यवस्थापनका लागि प्रत्येक बाली (धान, मकै, सूर्यमुखी र मुङ्ग) मा प्रति के.जी एक रुपैया प्रोत्साहन रकम भुक्तानी गरिनेछ ।

(३) माथि उल्लेखित कागजात सहित पेश भई आएका निवेदन उपर कार्यक्रम समितिको स्थलगत अनुगमन गरी अनुगमन सिफारिस प्रतिवेदनका आधारमा अनुदानग्राहीलाई एकाउण्ट पेयी चेक मार्फत रकम भुक्तानी गरिनेछ।

(४) प्रस्ताव स्वीकृत भएका अनुदानग्राहीहरुले कार्ययोजना र सम्झौता अनुसार कार्यक्रम सम्पन्न नगरी प्राप्त अनुदानलाई दुरुपयोग गरेको पाइएमा प्रचलित कानून बमोजिम कारवाही गरी सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

(५) चालु आ. व. मा रकम उपलव्ध गराउन नसकिएमा क्रमागत वजेट भएको अर्को आर्थिक वर्षमा रकम उपलव्ध गराउन सकिनेछ।

(६) स्थानीय तहको वडा कार्यालय वा कृषि प्राविधिकले कृषक छनौट तथा खेती गरिएको क्षेत्रफलको आधारमा भुक्तानीको लागि सिफारिस गर्न सक्नेछन।

## परिच्छेद-५

## विविध

१५. अनुगमन तथा मूल्याङ्कन : कार्यक्रमको अनुगमन प्रदेश सभा सदस्य, मन्त्रालय, निर्देशनालय र कार्यालयबाट गरिनेछ।

१६. प्रचलित कानून बमोजिम हुने: यस विधिको कार्यान्वयनका सम्बन्धमा यसमा उल्लेख नभएको विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

मन्त्री

सचिव

अनुसूची–१

(दफा १२ को उपदफा (३) सँग सम्बन्धित)

**प्रस्ताव आव्हानको सूचनाको ढाँचा**

प्रदेश सरकार

लुम्बिनी प्रदेश

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

...................निर्देशनालय

............................

प्रथम पटक प्रकाशित मितिः ....................)

चालू आ.व. ........मा यस ........को स्वीकृत कार्यक्रम अनुसार कोभिड विशेष कृषि कार्यक्रम सञ्चालन गर्नुपर्ने भएकोले इच्छुक ................ ................ले आवश्यक कागजात सहित सूचना प्रकाशित भएको मितिले वसन्ते बाली लगाउन एक महिना अघिसम्म सम्वन्धित जिल्ला स्थित कार्यालय (कृषि ज्ञान केन्द्र वा एकिकृत कृषि तथा पशुपन्छी विकास कार्यालय) मा तपसिलको विवरण पेश गरी दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन प्रकाशन गरिएको छ। कार्यालयको बार्षिक स्वीकृत कार्यक्रम अनुसार विनियोजित बजेटको परिधि भित्र रही पहिले निवेदन दर्ता गर्ने पहिलो छनौट पद्धति अनुरुप कृषकहरुको छनौट हुने व्यहोरा यसै सूचना साथ जानकारी गराउछौं। प्रस्ताव साथ पेश गर्नु पर्ने निवेदनको ढाँचा, प्रस्तावको ढाँचा, संलग्न गर्नु पर्ने कागजात, मापदण्ड यस कार्यालयको सूचनापाटी/वेभसाईट ........................ बाट प्राप्त गर्न सकिनेछ। रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराइन्छ।

| क्र.स. | कार्यक्रम | सञ्चालन गर्न सकिने कृयाकलापहरु | न्यूनतम मापदण्ड | कार्यक्रम सञ्चालन हुने क्षेत्र वा स्थान | आवेदकको किसिम | अनुदानको सीमा |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

<u>तपसिल विवरण</u>

१. निवेदन फाराम

२. कृषि फार्म/कृषक समूह/कृषि सहकारीहरुको हकमा दर्ता र नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपी

३. अनुसूची- ४ अनुसारको ढाँचामा बिस्तृत प्रस्ताव

४. निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाण पत्रको फोटोकपी

५. सम्बन्धित स्थानीय तहको सिफारिस पत्र लगातय अनुसुची ५ अनुसारका अन्य कागजातहरु

द्रष्टव्य: कार्यक्रमको प्रकृति अनुसार सम्बन्धित कार्यालयले सवै सरोकारवाला निकाय वा व्यक्तिलाई सूचना प्राप्तीको शुनिश्चतता हुने गरी सूचना परिमार्जन गरी प्रकाशन गर्न सक्नेछ ।

मन्त्री

अनुसूची-२

(दफा १२ को उपदफा (४) सँग सम्बन्धित)

**प्रस्ताव पेश गर्नका लागि दिईने आवेदन-पत्रको ढाँचा**

श्रीमान् कार्यालय प्रमुख ज्यू

...................... ।

विषय: प्रस्ताव पेश गरिएको सम्बन्धमा।

महोदय,

उपरोक्त सम्वन्धमा तहाँ ............................................................को मिति २०७ .../ ... /.... गतेका दिन .......... ...............................मा प्रकाशित सूचना अनुसार ............................. .............................. म/हामी निवेदकले कोभिड विशेष कृषि कार्यक्रम अन्तर्गत कोभिड लक्षित बाली सघनता बृद्धि कार्यक्रम बाली सघनीकरण संभाव्य क्षेत्र (CIPA) .............................. .............................. .............................. .............................. मा .............................. वालीको .............................. जातमा .............................. जम्मा क्षेत्रफलमा कार्यक्रम सञ्चालन गर्न इच्छुक भई अनुसूची-४ मा उल्लेख भए अनुसारका कागजातहरु संलग्न राखी तपसिलको विवरण सहित यो निवेदन पेश गरेको छौं।

तपसिलः

| क्र.स. | कृषकको नाम | ठेगाना | सम्वन्धित संस्था | लगाउने क्षेत्रफल | दस्तखत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

आवेदकको दस्तखतः

आवेदकको नामः

आवेदक संस्थाको नामः

ठेगानाः

मितिः

सम्पर्क नं.:

द्रष्टव्य: कार्यक्रमको प्रकृति अनुसार यस ढाँचालाई आधार मानी सम्बन्धित कार्यालयले निवेदनको ढाँचा परिमार्जन गरी तयार गर्न सक्नेछ ।

मन्त्री

# अनुसूची-३

(दफा १२ को उपदफा (४) सँग सम्बन्धित)

## कार्यक्रमको प्रस्तावको ढाँचा

१) प्रस्तावक सम्वन्धी विवरण:

| | |
|---|---|
| प्रस्तावकको नाम: | |
| ठेगाना: | |
| सम्पर्क नं. | |
| नागरिकता नं................जिल्ला.......... | |
| स्वामित्वमा रहेको जमिन | आफ्नै स्वामित्वको ........हे<br>करार/भाडामा............हे |
| खेती गरिने जमिन किसिम | आफ्नै स्वामित्वको<br>करार/भाडाको |

### खण्ड (ख)

२. उत्पादनमा संलग्न हुने कृषकहरुको विवरण

| क्र.सं. | कृषकको नाम थर | ठेगाना | बाली।जात | गत बर्ष गरिएको खेती विवरण | | यस बर्ष गरिने खेती विवरण | |
|---|---|---|---|---|---|---|---|
| | | | | क्षेत्रफल (कट्ठा) | उत्पादन (क्विन्टल) | क्षेत्रफल (कट्ठा) | अनुमानित उत्पादन (क्विन्टल) |
| १ | | | | | | | |
| २ | | | | | | | |

### खण्ड (ग)

## प्रस्तावित कार्यको विवरण

३. प्रस्तावित कृयाकलापहरु:

| क .सं. | क्रियाकलाप | संख्या | क्षमता | जम्मा लागत | आवेदको लगानी | कैपियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

४. प्रस्तावित कार्यक्रम माग गर्नको कारण, औचित्य

५. उत्पादित बालीको बजार ब्यबस्थापन कसरी गरिनेछ ?

प्रस्तावकको तर्फबाट सही गर्नेको

नाम:

पद:

दस्तखत: मिति :

द्रष्टव्य: कार्यक्रमको प्रकृति अनुसार यस ढाँचालाई आधार मानी सम्बन्धित कार्यालयले प्रस्ताव ढाँचा परिमार्जन गरी तयार गर्न सक्नेछ ।

अनुसूची–४

(दफा १२ को उपदफा (४) सँग सम्बन्धित)

**सम्झौता–पत्रको ढाँचा**

आ.व. ....... को कोभिड विशेष कृषि कार्यक्रम अन्तर्गत कोभिड लक्षित बाली सघनता बृद्धि कार्यक्रम बाली सघनीकरण संभाव्य क्षेत्र (CIPA) .............................. .............................. मा सञ्चालन गरिने कार्यक्रम सञ्चालन गर्न (यस पछि पहिलो पक्ष भनिने), ............... ........ का ............... श्री/सुश्री/श्रीमती ......................... (यस पछि दोस्रो पक्ष भनिने) बीच मिति .................................. मा तपसिलका शर्तनामाहरु गरी गराई कार्यक्रम सम्पन्न गर्न सम्झौता गरी दियौं/लियौं।

१. दोस्रो पक्षले सिजन भित्रै कार्य शुरु गर्नु पर्नेछ।

२. प्रथम पक्षले सुरुमा कार्यक्रम सञ्चालानार्थ स्वीकृत कार्ययोजना अनुसार कार्य सम्पन्न गरी सञ्चालन विधिमा तोकिए बमोजिमका निवेदन र कागजात पेश गरे पश्चात अनुगमन गरी प्रतिवेदनका आधारमा दोस्रो पक्षलाई एसीपेयी चेक मार्फत रकम भुक्तानी दिइनेछ।

३. यस आर्थिक वर्ष ....... मा अनुदानग्राहीलाई स्वीकृत कार्ययोजना अनुसार प्रथम पक्षले रु................... (अक्षरुपी...............) उपलब्ध गराउनेछ।

४. प्रथम पक्षले कार्य प्रगतिको आधारमा भुक्तानी गरिनेछ।

५. स्वीकृत कार्ययोजना बमोजिमका सम्पूर्ण कार्यहरुको जिम्मेवारी दोस्रो पक्षको हुनेछ।

६. दोस्रो पक्षले सञ्चालित कार्यक्रम बन्द गरेमा प्रथम पक्षले उपलव्ध गराएको अनुदान रकम प्रचतलित कानून बमोजिम फिर्ता गर्न सक्नेछ।

७. दोस्रो पक्षले नियमित रुपमा प्रगति विवरण लगायत अन्य तथ्याङ्कहरु प्रथम पक्षलाई अनिवार्य रुपमा उपलब्ध गराउनु पर्नेछ।

८. प्रथम पक्षको तर्फबाट कार्यक्रमको अनुगमन कार्यमा सहयोग गर्नु दोस्रो पक्षको दायित्व हुनेछ।

९. कार्यक्रम सञ्चालनको क्रममा आउन सक्ने द्विविधाका विषयमा दुवै पक्षको आपसी सहमति अनुसार हुनेछ।

१०. सम्झौतामा उल्लेख हुन छुटेका विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

| | |
|---|---|
| **दोस्रो पक्षको तर्फबाट** | **प्रथम पक्षको तर्फबाट** |
| हस्ताक्षरः | हस्ताक्षरः |
| नामः | नामः |
| ठेगाना | पदः |
| छापः | कार्यालयको छापः |
| **साक्षी** | **साक्षी** |
| हस्ताक्षरः | हस्ताक्षरः |
| नामः | नामः |
| पदः | पदः |

इति सम्वत .......साल ....... महिना ....गते रोज .... शुभम् ।

पुनश्चः सम्झौताका बुँदाहरु आवश्यकता अनुसार थपघट वा परिमार्जन गर्न सकिनेछ।

## अनुसूची–५

(दफा १२ को उपदफा (४) सम्बन्धित)

प्रस्ताव पेश गर्दा संलग्न गर्नुपर्ने कागजातहरु

१. अनुसूची-२ वमोजिमको ढाँचामा निवेदन

२. नेपाली नागरिकताको प्रतिलिपि

३. अनुसूची-३ वमोजिमको प्रस्ताव ढाँचा

४. विस्तृत कार्ययोजना तथा लागत अनुमान

५. कृषि फार्म/कृषक समूह/कृषि सहकारीहरुको दर्ता प्रमाण-पत्रको प्रतिलिपि

६. जग्गाको स्वामित्व देखिने कागजात

७. स्थायी लेखा नम्बर(PAN)/ मूल्य अभिबृद्धि कर (VAT) दर्ता प्रमाण-पत्रको प्रतिलिपि

८. प्रस्तावकको प्रतिवद्धता-पत्र (दोहोरो अनुदान उपलब्ध नभएको)

९. सम्बन्धित स्थानीय तहको सिफारिस पत्र

१०. शैक्षिक योग्यता, तालिम, अनुभवको प्रमाण-पत्र तथा वैदेशिक रोजगारबाट फिर्ता भएको प्रमाणको प्रतिलिपि

११. अन्य आवश्यक कागजातहरु

पुनश्चः आवश्यकता अनुसार आवश्यक कागजातहरु थपघट गर्न सकिनेछ।

सचिव